# विकासशील विश्वासीहरूका लागि

# १ तिमोथी

७

फेलोशिप बाइबल चर्च

Fellowship Bible Church

# विकासशील विश्वासीहरूका लागि १ तिमोथी

अनुवादक : रुबेन शाह,
कालापाहाड़÷ बाइबल चर्च, मणिपूर
फोन : ०९८६२६३९९५४
०९५४७५६१०३६

प्रकाशक : फेलोशिप बाइबल चर्च

प्रथम संसकरण : जून, २०१०.

सर्वाधिकार © : फेलोशिप बाइबल चर्चमा
सुरक्षित

# कृतज्ञता

यस पुस्तकमा पाइने पाठका रूपरेखाहरू र टिप्पणीहरू **New Tribes Mission** ले अप्नाएको *'धर्मशास्त्रलाई क्रमैसँग शिक्षा दिने तरिकामा'* आधारित छ । यसलाई **FBC Missions** का निर्देशक **Tim McManigle** र **Scott McManigle**-ले तयार साथै सम्पादन गर्नु भएको हो ।

# विषयक्रम

## विकासशील विश्वासीहरूका लागि १ तिमोथी


| | |
|---|---|
| परिपक्वता तर्फ प्रगति | |
| अध्याय १ | |
| अध्याय २ | |
| अध्याय ३ | |
| अध्याय ४ | |
| अध्याय ५ | |
| अध्याय ६ | |

## परिपक्वता तर्फ विकास

अवस्था १–परमेश्वरसँग सम्बन्ध–(प्रकाश ४:११,१कोरि०१:९)– परमेश्वरको बोलावट पहिलो उहाँतिरै हुन्छ–“सृष्टिदेखि ख्रीष्टसम्म”–(मुक्तिको निम्ति जग)

अवस्था २–ख्रीष्टसँगको स्तर–(१ कोरि० १:३०) नयाँ सृष्टि (२ कोरि० ५:१७)–“विकसित विश्वासीहरूका लागि सृष्टिदेखि ख्रीष्टसम्म” र “नयाँ जन्मको व्याख्यान्”–(पवित्रकरणको जग)

अवस्था ३ आत्मामाथि निर्भरता–(२ कोरि० ३:१७–१८)– (पवित्र आत्मा सत्यका आत्मा हुनुहुन्छ– युहन्ना १६:१३–१४)– मण्डलीको परिचय– (मण्डली सत्यताको खामो र आड़ हो– १ तिमो० ३:१५)–“विकसित विश्वासीहरूका कर्महरू”

अवस्था ४–व्यावहारिक पवित्रकरण–ख्रीष्टसँगको एकता/ख्रीष्टसँग टाँगिनु/ख्रीष्टको प्रतिरूपसँग (अनुरूपता) एकै चाल –(रोमी ६:६: गलाती २:२०: रोमी ८:२८–२९)–विकासशील विश्वासीहरूका लागि रोमीबाट प्रकाशितवाक्यसम्म, “आत्मिक वृद्धिका सिद्धान्तहरू”, “क्रूस परमेश्वरको उत्तम कृति,” “येशूमा दृष्टि” पाठहरू ।

निष्कर्ष :–क्रमैसँग शिक्षाको सुझाउ.

### एक–एक अवस्थाको विस्तृत विवरण

अवस्था १– मुक्तिका निम्ति जग–(“सृष्टिदेखि ख्रीष्टसम्म”) ख्रीष्टियन जीवन एउटा सम्बन्धको जीवन हो : यसैकारण हाम्रो पाठकवृन्दहरूलाई परमेश्वरसँगको गहिरो र घनिष्ठ सम्बन्धमा डोऱ्याउन हाम्रो सुभेच्छा हो। परमेश्वरसँगको सम्बन्धमा त्यो

स्तरसम्म बडदैजानको निम्ति सत्यहरू छन् जो स्पष्टरूपमा सिक्नु र बुझ्नु अतिनै आवश्यक छ।

यी सत्यहरूमा निम्नकुराहरू छन् :

- परमेश्वरको विशेषता वा गुणहरू–उनको प्रेम, शक्ति, अनुग्रह, सर्वउपस्थित, सर्वशक्तिमान, न्यायी, अपरिवर्तनीय, पापलाई घृणागर्ने, विश्वासयोग्यता।
- पापमय मानिस, मानिसले आफैलाई बचाउन असमर्थ, र मुक्तिदाताको आवश्यक्ता
- परमेश्वरले मात्र मुक्तिको बाटो दिनुसक्नुहुन्छ
- सुसमाचार

अवस्था २– शुद्धीकरणको जग–"विकसित विश्वासीहरूका लागि "सृष्टिदेखि ख्रीष्टसम्म" र "नयाँ जन्मबारे स्पष्टिकरण" । कुनै पनि व्यक्तिले नयाँ जन्म पाउने बितिक्कै उसको जीवनको स्तरमा झट्टै परिवर्तण वा बदलाउ आँउछ। त्यसैबेला उ परमेश्वरको सन्तान बन्छ र आदमको स्वभावबाट निकालिएर ख्रीष्टमा राखिन्छ। ख्रीष्ट र ख्रीष्टमा भएका सबै हाम्रा हुन्छन्। यसैकारण परमेश्वरको सेवामा आउन अघि, ख्रीष्टमा हामी को हौं भन्ने ज्ञानमा गहिरिएको हुनुपर्छ ।

केही मुख्य आधारभूत सत्यहरू अवस्था २ को शिक्षामा जोड़ दिनुपर्ने यी हुन् :

- ख्रीष्टमा राखिनु
- धर्मी ठहराइएको र ख्रीष्टमा ग्रहणयोग्य
- परमेश्वरको सन्तान
- परमेश्वरसँगको एकतामा फर्काएको
- ख्रीष्टमा अनन्तको सुरक्षा
- ख्रीष्टले सिद्धाउनु भएको कार्यद्वारा हाम्रो जीवन र धार्मिकताको निम्ति सम्पूर्ण कुराहरू उहाँको ईश्वरवत्व शक्तिले दिइसक्नु भएको छ।
- हाम्रो कर्त्तव्य विश्वास गर्नु हो ।

अवस्था ३–आत्मामा निर्भरता र मण्डलीको परिचय – ("विकसित विश्वासीहरूका कर्महरू")

उद्धारपाएकै समय हरेक विश्वासीको जीवनमा आफ्नो स्तरको बदलाउ तुरुन्तै र पूर्णतामा हुन्छ। त्यो नयाँ स्तरमा दिनौं "जिएको जीवन" विकासको प्रक्रिया हो। ख्रीष्टको प्रतिरुपमा मिलाउने प्रक्रियामा पवित्र आत्माले सबै विश्वासीहरूमा कार्य गर्नु भएको विकासको प्रगति हो।

विश्वासीहरू परिपक्वता तर्फ अघि बढ्नका लागि, हामी पवित्र आत्मामा हिँड्न र निर्भर हुनु सिक्नु पर्छ। यसैकारण अवस्था ३ को शिक्षामा हाम्रो उद्देश्य पवित्र आत्माको सेवाकाइलाई विश्वासयोग्यता साथ परमेश्वरका सन्तानहरूलाई अगुवाइ गर्न, डोऱ्याउन, पोशण र रक्षाको कामलाई प्रकट गर्नु साथै मण्डलीलाई परिचय गर्नु हो।

जोड़ दिनु पर्ने केही मुख्य आधारभूत सत्यहरू निम्न दिइएका छन् :

- हामीलाई अगुवाइ गर्न, डोऱ्याउन, खुवाउन, रक्षा गर्न र सत्यतामा निर्माण गर्न पवित्र आत्माको सेवा।
- येशूले प्रतिज्ञा गर्नु भएको सबै पुरो गर्नमा आत्माको विश्वासयाग्यतालाई जोड़ दिनु।
- पवित्र आत्मा माथि शुरुआतको मण्डलीको निर्भरतालाई प्रकट गर्न।
- पवित्र आत्मा आज पनि हाम्रो जीवनमा उत्तिनै विश्वासयोग्य हुनुहुन्छ, जति प्रेरितको पुस्तकमा पाइने शुरुआतको मण्डलीमा हुनुहुन्थ्यो।
- मण्डलीको परिचय र उनको कर्त्तव्य।

<u>अवस्था ४</u>–व्यावहारिक पवित्रकरण : ख्रीष्टसँगको एकता : ख्रीष्टको प्रतिरुपसँग मिलाप– ("विकासशील विश्वासीहरूका लागि रोमीबाट प्रकाशितवाक्यसम्म", "आत्मिकी वृद्धिको सिद्धान्तहरू", "परमेश्वरको उत्तम कृति–ख्रीष्टको क्रूस," र "येशूमा दृष्टि" पाठहरू।) शरीरको चालमा कम हिड्न र आत्मामा बृद्धिहुन र ख्रीष्ट हाम्रो हृदयको उद्देश्य बन्दै जानका निम्ति पवित्र आत्माले हामीलाई शिक्षा दिनुहुन्छ।

अवस्था ४ मा ख्रीष्टसँगको हाम्रो चिनारी र उनले शिद्धाउनुभएको कार्यमा निर्भरताको शिक्षा लिने उद्देश्यले हामी सबै पत्रहरूलाई अध्ययन गर्ने छौं । जसै हामी, विश्वासद्वारा, चिनारीको सत्यता र ख्रीष्टसँगै टाङ्गिएको सत्यता प्रयोग गर्छौं, हाम्रो जीवन ख्रीष्टको् प्रतिरुपमा मिल्दै जानेछ र आत्माको फल देखापर्दै जानेछ।

अवस्था ४ मा जोड़ दिने केही महत्त्वपूर्ण सत्यताहरू यी हुन् :

- ख्रीष्टको मृत्यु, दफन् (burial) र पुनरूत्थानसँग विश्वासीहरूको चिनारी । (उहाँसँग टाङ्गिन, र नयाँ जीवनमा बिउतन)
- शरीरको चालमा कम हिंड्ने र आत्मामा बड्दै जाने प्रक्रिया पवित्रकरण हो।
- यो प्रतिक्रियामा हाम्रो कर्त्तव्य चाहिं ख्रीष्टले सिद्धाउनु भएको कार्यमा विश्वास र त्यसमाथि हाम्रो परिचय हो।
- आत्मामा सँच्चाइको साथ हिंड्नु भन्ने अर्थ के हो।
- पुरानोलाई त्यागेर नयाँलाई धारण गर्नु
- ख्रीष्टको जीवन/आत्माको फलको प्रकट।

## निष्कर्ष : क्रमैसँग शिक्षाको सुझाउ

साँचैनै सबै विश्वासीहरूमा पवित्र आत्माले कार्य गर्नु भएको विकासको प्रगति भएकोले, हाम्रो जीवनमा आत्माको त्यो कार्य सँग–सँगै मिलाउन यी बाइबल पाठहरू बनाइएका साथै क्रमैसँग

मिलाइएका हुन् । हरेक पाठहरूमा अधारभूत सत्यहरू छन् जो एउटा व्यक्तिको हृदयमा रहनुपर्छ ताकि एक खुड्किलो देखि अर्को आत्मिक खुCकिलोसम्म बड्दै जानसकोस् । यसैकारण यी पाठहरू क्रमैसँग शिक्षा दिन महत्वपूर्ण हुन्छ भनी हाम्रो विश्वास छ :

१. सृष्टिदेखि ख्रीष्टसम्म
२. विकासशील विश्वासीहरूका लागि सृष्टिदेखि ख्रीष्टसम्म
३. विकासशील विश्वासीहरूका लागि प्रेरित
४. विकासशील विश्वासीहरूका लागि रोमी
५. विकासशील विश्वासीहरूका लागि एफिसी
६. विकासशील विश्वासीहरूका लागि १ कोरिन्थी
७. विकासशील विश्वासीहरूका लागि १ तिमोथी
८. विकासशील विश्वासीहरूका लागि तीतस
९. विकासशील विश्वासीहरूका लागि १ र २ थेसलोनिकी
१०. विकासशील विश्वासीहरूका लागि प्रकाश
११. विकासशील विश्वासीहरूका लागि गलाती
१२. विकासशील विश्वासीहरूका लागि कलस्सी
१३. विकासशील विश्वासीहरूका लागि २ कोरिन्थी
१४. विकासशील विश्वासीहरूका लागि फिलिप्पी
१५. विकासशील विश्वासीहरूका लागि फिलेमोन
१६. विकासशील विश्वासीहरूका लागि २ तिमोथी
१७. विकासशील विश्वासीहरूका लागि १ र २ पत्रुस
१८. विकासशील विश्वासीहरूका लागि १,२ र ३ यूहन्ना
१९. विकासशील विश्वासीहरूका लागि हिब्रू
२०. विकासशील विश्वासीहरूका लागि याकूब
२१. विकासशील विश्वासीहरूका लागि यहूदा
२२. परिपक्व विश्वासीहरूका लागि पुरानो करार
२३. प्रेरितकर्मबाट प्रकाशसम्म
२४. परिपक्व विश्वासीहरूका लागि एक–एक पद ।

## क. परिचय



- तिमोथी ती व्यक्ति थिए जसलाई पावलले चेलापनमा हुर्काउनु भयो । आफ्नो जवान अवस्थादेखि नै तिमोथीले पावलसँग यात्रा गर्नु भयो र पछिबाट परमेश्वरको वचनको विश्वास योग्य शिक्षक बन्नु भयो र उनलाई अरू शहकर्मीहरू नेतृत्वगर्न सुम्पियो ।
- हामीले अध्ययन गरिसकेका तीन पुस्तकहरू पावलले मण्डलीहरूलाई लेख्नु भएको हो । यो पुस्तक विषेश रुपले तिमोथीलाई लेखिएको थियो तथापि मण्डलीका लागि पनि परमेश्वरको सन्देश हो ।

*"हाम्रा मुक्तिदाता परमेश्वर र हाम्रो आशा ख्रीष्ट येशूको आज्ञा अनुसार ख्रीष्ट येशूको प्रेरित पावलबाट, विश्वासमा मेरो साँचो बालक तिमोथीलाई; परमेश्वर पिता र हाम्रा प्रभु ख्रीष्ट येशूबाट अनुग्रह, कृपा र शान्ति मिलोस् ।"*

*१ तिमोथी १:१–२.*

- पावलले आफैलाई ख्रीष्टको प्रेरित भनी सम्बोधन गरेको सच्चाइ नै परमेश्वरको शक्ति र अनुग्रहको अचम्म साक्षी हो।
- परमेश्वरले ती व्यक्तिलाई लिनुभयो जसले विश्वासीहरूलाई यति धेरै घिन गर्थे कि उनीहरूलाई झेलखानामा थुन्ने र सताउने गर्दथिए (प्रेरित ९ :१–२), तरैपनि परमेश्वरको अनुग्रह र दयाले उनलाई जीवनको त्यो अवस्थामा ल्यायो जहाँबाट उनी येशू ख्रीष्टको प्रेरित भए ।
- १ तिमोथी १:१ लाई ध्यान दिनुहोस, पावलले परमेश्वरलाई मुक्तिदाता भनी सम्बोधन् गर्नुहुन्छ; किनकि मुक्तिको सम्पूर्ण योजना परमेश्वर पिताबाट आएको हो ।
- संसारलाई सृष्टिगर्नु भन्दा अघिबाटै परमेश्वरले हामीलाई बचाउने योजना र उहाँसँग स्वर्गमा रहन योग्यको बनाउने योजना गर्नु भएको हो । (एफिसी १:३–४)

- जब हामीलाई बचाउने परमेश्वरको समय आयो, तब उहाँले आफ्नो पुत्र हाम्रो निम्ति मारिनु पठाउनु भयो। (युहन्ना ३:१६–१७)
- त्यसपछि, येशू हाम्रो "आशा" भनी पावल लेख्नुहुन्छ ।
- येशू हाम्रो आशा हुनुहुन्छ किनकि क्रूसमा उनले सिद्धियाउनु भएको कार्यद्वारा नै पापको लेखाबाट हामीले उधार पाएँका छौं, पापको शक्तिबाट मुक्ति पाएँका छौं, र सदाको निम्ति स्वर्गमा पापको उपस्थितिबाट बचाइएका छौं ।
- येशूले प्रतिज्ञा गर्नु भएको छ कि एक दिन उहाँ हामीलाई लिनु आउनुहुनेछ । (यूहन्ना १४:१–३)



- जसरी हामी अनुग्रह र ख्रीष्टको ज्ञानमा बड्दै र आत्मामा हिंड्दै जान्छौं, ख्रीष्ट जो हाम्रो आशा हुनुहुन्छ उँहाप्रति रहेको हाम्रो प्रेमलाई पवित्र आत्माले देखाइदिनुहुन्छ (यूहन्ना १५:२६, यूहन्ना १६:१३,१४)
- २ पदमा पावलले तिमोथीलाई, "विश्वासमा मेरा साँचो बालक" भनी भन्नुहुन्छ, हुनसक्छ उनले नै तिमोथीलाई ख्रीष्टमा ल्याउनु भएको कारण र चेलापनमा हुर्काउनु भएको कारणले यसरि सम्बोधन गर्नु भएको हो ।

## ख. तिमोथीलाई पावलको अर्ती

*"म माकेडोनिया जाँदा तिमीलाई आग्रह गरेझैं तिमी एफिससमै बस, र झूटा शिक्षा सिकाउने मानिसहरूलाई त्यसो नगर्नु भनी कडा आज्ञा देऊ ।" १ तिमोथी १:३.*

- जब पावल एफिससमा थिए, तिमोथी उनका साथमा थिए ।
- तर केही समय पछि परमेश्वरले पावललाई माकेडोनियामा डोऱ्याउनु भयो तर तिमोथीलाई चाहिं सत्यको शिक्षा दिन अनि दुवैले (पावल र तिमोथीले) सिकाएको सिद्धान्त बाहेक अलग कुरो नसिकाउनु भनी अर्ती दिनलाई एफिससमै छोड्नु भयो ।

- तिमोथीलाई एफिससमा छोड़े पछि पावलले तिन्लाई यो स्मरणपत्र उन्को शिक्षालाई स्मरण गर्न साथै केही कुरोको अर्ती दिनलाई पठाउनु भएको हो ।

  *"म माकेडोनिया जाँदा तिमीलाई आग्रह गरेझैं तिमी एफिससमै बस, र झूटा शिक्षा सिकाउने मानिसहरूलाई त्यसो नगर्नु भनी कड़ा आज्ञा देऊ । र तिमीहरू अनुमानका कुराहरू मात्र बढ़ाउने दन्त्यकथाहरू र नटुङ्गिने वंशावलीहरूतिर नलागून्, बरु विश्वासमा रहेको ईश्वरीय तालीमतिर लागून्।"*

  *१ तिमोथी १:३,४.*

एफिससको मण्डलीमा केही शिक्षकहरूले दन्त्यकथाहरू र नटुङ्गिने यहूदीहरूको वंशावलीहरूतिर समय खेरो फालिरहेका थिए

- यसता शिक्षाहरू विवाद ल्याउने कारण मात्र बन्यो र नत परमेश्वरको अनुग्रहलाई देखाँउदै मानिसहरूका विश्वासमा बल दियो, न उनीहरूलाई आत्मामा हिड्न नै सिकायो ।
- आफ्नो मनमा यो कुरो राख्नुहोला कि प्रेरितको पुस्तकमा पावलले एफिससका एल्डरहरूलाई झूटा शिक्षकहरू आउनेछन् भनी चेताउनी दिनुभएको थियो;र तिनीहरू निस्चय आए ।

  (प्रेरित २०: २८–३०).

  एफिससमा घटेको घटना त्यो मण्डलीमा हुनुसक्ने एउटा ठूलो उदाहरण हो जसको विश्वासीहरू शरीरमा हिंड्रिहेका हुन्छन् । झूटो सिद्धान्त माथि विश्वास गराउन विश्वासीहरूलाई सत्य देखि बहकाएको छ ।
- यस्तै कुरो आजका ती मण्डलीहरूमा भइरहेको छ जहाँ मानिसहरू सांसारिक छन् (शरीर अनुसार चल्ने)।
- जसरी परमेश्वरले एफिससमा सत्यको रक्षा गर्नु तिमोथीलाई खड़ा गर्नु भएको थियो, त्यसरीनै हामीले पनि हाम्रा मण्डलीमा ख्रीष्टको शरीरलाई झूटो शिक्षाबाट सुरक्षित राख्न सक्ने मानिसहरू खड़ा गरिदिन परमेश्वरलाई बिन्ती गर्नुपर्छ । (२पत्रुस २:१–३),



*“मेरो छोरो तिमोथी, म तिमीलाई यो आज्ञा दिँदैछु , कि तिम्रो सम्बन्धमा अघि कहिएको अगमवाणी अनसार ती द्वारा प्रेरणा पाएर विश्वास र असल विवेक कायम राख्दै तिमी असल लडाइँ लड्न सक । विश्वास र स्वच्छ विवेक कायम राख । कुनै – कुनै मानिसले विवेकलाई इन्कार गरेर आफ्नो विश्वासको जहाज डुबाएका छन् , तीमध्ये हुमेनियस र अलेक्जेन्डर हुन् , जुनहरूलाई निन्दा नगर्नू भन्ने कुरा सिकून् भनेर मैले शैतानको हातमा सुम्पेको छु । ” (१ तिमोथी १:१८–२०).*

- १९ पदमा, पावलले यो संकेत गर्नु हुन्छ कि तिमोथी सत्य जान्नु हुन्छ र उनमा असल र खराब छुट्याउने योग्यता पनि छ ।
- यो कुरो विचार गर्नु बडो चाखलाग्दो छ कि पावलले तिमोथीलाई विश्वास र असल विवेकको साथ लड़ाइमा पठाउनु हुन्छ ।
- याद गर्नुहोस कि विश्वास र असल विवेक एक अर्कामा निर्भर छन् ।
- जब हामीमा दोषी विवेक हुन्छभने हाम्रो विश्वास चुहिएर जान्छ ।
- तापनि ख्रीष्टको रगत माथि हाम्रो विश्वासले हामीलाई स्वचछ विवेक दिन्छ।
- पावलले तिमोथीलाई विश्वास र स्वच्छ विवेक कायम राख्न आदेश दिनुहुन्छ, किनकि कुनै–कुनै अविश्वासमा हिंड़ेर स्वच्छ विवेकको जहाज डुबाएका छन् ।
- शरीर अनुसार हिडेको परिणाम यही हो । शरीरमा रहेर हामी असल र खराबको जाँच गर्न सक्दैनौं, यसैकारण झूटो शिक्षाहरूतर्फ हामी सजिलै लाग्न सक्छौं ।
- २० पदमा, पावलले दुई व्यक्तिहरूको नाम उधाहरणस्वरुप दिनुहुन्छ जोहरू सजिलैसित झूटो शिक्षातर्फ लागे ।

- यी मानिसहरू सांसारिक भएको कारणले तिनीहरूले सत्य के हो भनी जाँच गर्न असमर्थ भए यसैकारण उनीहरूको समजशक्ति र शिक्षा सत्यको विपरीत भयो ।
- अन्त्यमा तिनीहरू मण्डलीको सङ्गतिबाट हटाइए र जबसम्म उनीहरू शरीरमै हिंड्दैरहेछौं र परमेश्वरको अनुग्रहमा फर्किनु पर्छ भनी जान्दैनन् तबसम्म उनीहरूको जीवन विध्वंश पार्न शैतानको हातमा सुम्पिदिए ।
- यहाँको स्थिती १ कोरिन्थी ५:१–५ सँग मिल्दो छ ।
- जब विश्वासीहरू पापमा जिँउछन् अनि आफ्नो दुष्ट मार्गवाट फर्किदैनन् , परमेश्वरतर्फ फर्कियोस भनेर शैतानको जिम्मामा सुम्पिनलाई परमेश्वरले मण्डलीलाई अधिकार दिनुभएको छ।

## क. प्रार्थनाका निम्ति आग्रह

*“सर्वप्रथम म आग्रह ग्रर्दछु , कि सबै मानिसहरूका निन्ति नम्र-निवेदन, प्रार्थना र मध्यस्थ–बिन्ती र धन्यवाद चढाइऊन्, राजाहरू र सबै उच्च पदमा भएकाहरूका निम्ति पनि, ताकि हामी निर्धक्क र शान्तिपूर्ण भएर हरप्रकारले धार्मिक र आदरणीय जीवन बिताउन सकौं । हाम्रा मुक्तिदाता परमेश्वरको दृष्टिमा यो असल र ग्रहणयोग्य छ । सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ ।” १ तिमोथी २:१–४.*

- २ अध्यायको पहिलो चार पदहरू १ अध्यायमा पावलका शब्दहरूकै संलग्न हुन् ।
- यस्ता मानिसहरू छन् जोहरू शरीरका कुरामा हिड़ेर असल र खराब छुट्याउने योग्यता हराएका छन्।
- यसकारण उनीहरूको विश्वास डुबेको छ। तिनीहरूलाई झूटो शिक्षाले छलेको र बहकाएको छ ।




- यसकारण पावल भन्नुहुन्छ, सबै मानिसलाई प्रार्थना अवश्यक छ, राजाहरू र विषेशगरी अधिकारीहरूलाई ।
- आत्मामा रहयौं भने हामी अरूलाई प्रेम गर्न सक्छौं र प्रार्थना गरिदिन्छौं र अरूको ख्याल राख्न सक्छौं ।
- तर शरीरमा, हाम्रो स्वकेन्द्रीय हामी आफैमा हुन्छ र हामी अरूको ख्याल गर्दैनौ न त प्रार्थना नै गर्छौं ।

## ख. एक मात्र सत्य

*“किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ–मानिस, ख्रीष्ट येशू ।*

*उहाँले सबैका छुटकाराका मोलको निन्ति आफैलाई सुम्पिदिनुभयो, जुन कुराको गवाही ठीक समयमा दिइयो। यसको खातिर म प्रचारक र प्रेरित नियुक्त भएँ, र विश्वास र सत्यतामा अन्यजातिहरूका निम्ति चाहिँ शिक्षक । म साँचो भन्दछु, म ढाँट्दिनँ । यसकारण सबै ठाँउमा पुरुषहरूले पवित्र हात उठाएर विनाक्रोध र विनाविवाद प्रार्थना गरून् भन्ने म चाहन्छु । १ तिमोथी २:५–८.*

- परमेश्वर चहानुहुन्छ कि सबै मानिसहरू सत्यतामा आउन्; यो मध्यनजरमा राखेर कि सत्यता साँघुरो हुन्छ । एक र एक जोडदा सदैं दुई हुन्छ । पाँच अथवा आठ हुनैसक्दैन।
- एउटै परमेश्वर र मुक्तिदाता हुनुहुन्छ, र परमेश्वरसम्म पुग्ने बाटो पनि एउटै छ, धेरै बाटाहरू छैनन् ।
- ८ पदमा पावलले लेख्नुभएको कुरोमा ध्यान दिनुहोस : किनकि एक मात्र सत्य छ यसैकारण विश्वासीहरूले सबै मानिसहरू सत्यमा आउन भनेर प्रार्थना गरेको परमेश्वर चाहानुहुन्छ ।
- हाम्रा प्रार्थनाहरू पवित्र हुनुपर्दछ, विना क्रोध र शङ्का रहित।
- प्रार्थना आत्मामा हुनुपर्दछ । किनकि शरीर अनुसार जिएर हामी पवित्रतामा र सत्यतामा प्रार्थना गर्न सक्दैनौ, नत हामी क्रोध र शङ्काबटा स्वतन्त्र नै हुन सक्छौं ।
- यसकारण, जसरी हामी आत्मामा हिडछौं र प्रार्थना गर्छौं, परमेश्वरको इच्छा हाम्रो इच्छा हुनजान्छ, र सबै मानिसहरूका सट्टा परमप्रभुमा भरोसा राखछौं ।

## ग. स्त्रीहरूलाई अर्ती

*“यसै गरी म चाहन्छु, कि स्त्रीहरूले सरलता र भद्रतासाथ सुहाँउदो वस्त्र पहिरून्, केशको बढी सिङ्गार गरेर, सुन, मोती र बहुमूल्य वस्त्रहरू पहिरेर होइन, तर असल कामद्वारा सुसज्जित होऊन्, जो परमेश्वरको भक्ति गर्ने स्त्रीहरूलाई सुहाँउछ। स्त्रीले पूर्ण दीनतासाथ चूपचाप बसेर सिकून् ।*

*तर स्त्रीले पुरुषलाई सिकाउने र पुरुषमाथि अधिकार जमाउने काममा म अनुमति दिन्नँ, तर तिनी चूपचापै रहून्। किनभने आदम नै पहिले सृजिएका हुन्, त्यसपछि हव्वा। आदम छलिएका होइनन्, तर स्त्रीचाहिं छलिएर अपराधमा फसेकी हुन् , तरै पनि, यदि तिनी सुशीलतासाथ विश्वास, प्रेम र पवित्रतामा रहिन् भने, बालक जन्ममा तिनी बचाइनेछिन् ।" १ तिमोथी २: ९–१५.*



- मण्डलीमा आफ्नो रुप–सिंहार र चाल चलन् विषय स्त्रीहरूलाई पावलको अर्ती ।
- पावलले रुप–सिंहार विषय सम्बोधन् गर्नुहुन्छ ।
- जो विश्वासीहरू शरीरमा चलेका हुन्छन् तिनीहरू सबैको ध्यान आकर्षित होस भनी चहान्छन् कुनै–कुनै स्त्रीहरू आफ्नो बाहिरी रुपद्वारा अरुको ध्यान आफूतिर खिँच्छन्। धेरैले आफ्नो वस्त्रहरू र गर–गहनाद्वारा आकर्षितहुन कोशिश गर्दछन् ।
- अरुको ध्यान आफूतिर लगाउने इच्छाको बन्धनबाट स्वातन्त्र पाउने एक मात्र बाटो क्रूस हो जहाँ पुरानो मनुष्यत्व टाँगिएको छ । (रोमी ६: ६).
- मण्डलीमा स्त्रीहरूको व्यवहार विषयमा पनि पावल सम्बोधन गर्नुहुन्छ ।
- पेन्तिकोसको दिनदेखि, मण्डलीलाई अगुवाई गर्ने र शिक्षा दिने जिम्मेवार चाहिँ परमेश्वरले पुरूषहरूलाई नै दिनुभएको छ ।



- सुसमाचारहरूमा र प्रेरितकर्ममा हामी देख्छौं कि धेरै स्त्रीहरू येशूका पछि लागे र सघाए । पावललाई सघाएको पनि हामी देख्छौं। तर येशूले वा पावलले स्त्रीहरूलाई पुरुष माथि अगुवाई गर्ने जिम्मा चाहिँ दिनुभएको हामी देख्दैनौं ।

- अविश्वासीहरूको माझ गवाही दिन र अरु स्त्रीहरूमाफ र बाल बालिकाहरूलाई शिक्षा दिन स्त्रीहरू स्वतन्त्र छन् र उत्साह पनि गरिएको छ, तर मण्डलीमा भने पुरूषहरूका बिच अगुवाई गर्न र शिक्षा दिन हुँदैन ।
- शरीर अनुसार चलेको स्त्रीहरूले मण्डली माथि अधिकार जमाउनु र अगुवाई गर्न इच्छा राख्छन्, जसरी आजको धेरै मण्डलीहरूमा हामी देख्तछौं ।
- मण्डली किन पुरुषहरूले अगुवाई गर्नुपर्छ स्त्रीहरूले होइन भनी १३ र १४ पदहरूमा पावलले दुईवटा कारणहरू दिनुभएको छ ।
- पहिलो कारण, किनकि परमेश्वरले यस्तै होस् भनी बनाउनु भयो। हव्वालाई भन्दा अघि आदमलाई सृष्टि गरेर परमेश्वरले यही देखाउनु भयो कि स्त्री चाहिँ पुरुषको अधिन र सुरक्षामा रहनुपर्छ । (१ कोरिन्थी ११:३)
- दोस्रो कारण, फल खान हव्वा छलिएकी हुन्, आदम होइनन्। आदमले सम्पूर्ण कुरा जानेर पनि आफ्नो स्वेच्छाले विद्रोह गरे । (१ तिमोथी २: ११–१४).
- हव्वा आदमको अधीनमा रहिनन्, तर खानुनहुने फल खान उनले आफै निर्णय गरिन् ।
- आफै निर्णय नलिएर परमेश्वरले दिएको अधिकारी कहाँ गएकी भए तिनी छलिने थिइनन् ।

## क. परिचय

- १ तिमोथी ३ अध्यायको पहिलो सातवटा पदहरूमा मण्डलीको एल्डरहरूका जीवनमा देखापर्नु पर्ने कुराहरू पावल व्याख्या गर्नुहुन्छ ।

## ख. एल्डरहरूको नियुक्ति

- विभिन्न ठाँउहरूमा पावलको सुसामाचार प्रचारद्वारा मानिसहरूले विश्वास गरेपछि प्रभुको आराधना गर्न र सत्यता विषय अझ सिक्नका निम्ति उनले तिनीहरूलाई मण्डली भई भेला हुन शिक्षा दिनुभयो ।
- जब उनीहरू भेला हुन्थे, पावल वा उनका सहकर्मीहरू मध्ये एकजनाले (तिमोथी, तीतस,अन्य...) मण्डलीमा अगुवाबन्न योग्य आत्मिकी व्यक्ति नहुन्जेल शिक्षा जारी राखिरहे ।
- जब कुनै पनि मण्डलीमा आत्मामा र परिपक्वता तर्फ बडिरहेको व्यक्तिहरू भेठाँउथे तब तिनीहरूलाई एल्डर नियुक्त गर्थे र मण्डलीलाई हेरचाह गर्ने जिम्मा दिंदथे ।

*प्रेरित १४: २२–२३: "चेलाहरूका आत्मालाई सुदृढ गराउँदै उनीहरूलाई विश्वासमा रहिरहने अर्ती दिए, र धेरै कष्ट सहेर हामी परमेश्वरको राज्यमा प्रवेश गर्नुपर्छ भनी उनीहरूलाई भने । जब तिनीहरूले उनीहरूको हरेक मण्डलीमा एल्डरहरू नियुक्त गरे, तब प्रार्थना र उपवाससहित उनीहरू आफूले विश्वास गरेका प्रभुको जिम्मामा उनीहरूलाई सुम्पिदिए ।"*

## ग. बिशप, एल्डर, पास्टरको पृष्ठभूमि



*"तिनले मिलेटसबाट एफिससमा मानिस पठाएर मण्डलीका एल्डरहरूलाई बोलाइ पठाए ।" (प्रेरित २० : १७).*

- यो खन्डहरूमा ध्यान दिनुहोसः मण्डलीका अगुवाहरूलाई “एल्डर” भनी भनिएको छ । यसको अर्थ यो हुन आवश्यक छैन कि तिनीहरू उमेरमा बुडो हुनुपर्छ वा थिएँ । वास्तवमा तिनीहरू आत्मामा पाको थिए यसैले उनीहरूलाई “एल्डर” भनिएको हो।
- यसको विपरितमा, १ कोरिन्थी ३:१ मा कोरिन्थीका विश्वासीहरूलाई पावलले आत्मामा दूधे बालक भन्नुहुन्छ । उनीहरू सांसारिक थिए (१ कोरिन्थी ३:२–३)

*“तपाईहरू आफ्ना निम्ति र आफ्ना समस्त बगालको निम्ति सावधान रहनुहोस् । पवित्र आत्माले तपाईहरूलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाहा तपाईहरू गर्नुहोस् ।”*
*प्रेरित २०: २८.*

- यो खन्डमा मण्डलीका अगुवाहरूलाई पावल “जिम्मावाल”– (जोहरूले मण्डलीलाई हेरचाहा, अगुवाई, पोशण र रक्षा गर्छन्), भनी उल्लेख गर्नु हुन्छ।
- गोठालाहरूले भेडा अफैले भोजन खोजी खाओस र आफ्नै हेरचाहा गरोस भनी छोडिदिदैनन्। गोठालाले आफ्नो बगालको हेरचाहा गर्न समय बिताउनु पर्छ ।
- पावल लेख्नुहुन्छ कि मण्डली पनि त्यसतै हो । जिम्मावालहरू यस्तो व्यक्तिहरू हुनुपर्दछ जो आत्मामा पाको छन् , जोहरूले मण्डलीको हेरचाहा गर्छन्, र आत्मिक बृद्धीको निम्ति हरएकको आवश्यक्ता अनुसार सत्यको शिक्षा दिन्छन् ।
- बाइबलमा जहाँ पनि एल्डरहरूका विषय हामी पढछौं बहुवचन प्रयोग गरेको पाउँदछौं । पावलले वा कसैले पनि मण्डली अगुवाई गर्न एउटै व्यक्ति चुनेको हामी पाउँदैनौं।

## घ. अगुवाहरूका अधिकता

- प्रेरित १४: २३ र २०: १७ लाई हेर्दा यी खण्डहरूले अगुवाहरूका अधिकता उल्लेख गर्छन् ।

## ङ एल्डर हुनका निम्ति चाहना

*"यो भनाइ विश्वासयोग्य छ, यदि कुनै मानिसले बिशपको काम गर्ने चाहना गर्छ भने त्यसले असलै कामको इच्छा गर्छ।"*
*१ तिमोथी ३:१*

- पावलले भनेको यो होइन कि ज–जसलाई एल्डर हुने चाहना छ एल्डर हुनुपर्छ, तर उनको भनाइ यो हो कि जब मानिसहरू आत्मामा हिंड्छन् , परमेश्वरको इच्छा हुन्छ। यदि आत्मामा हिंड्दै गरेको र ख्रीष्टको प्रतिरूपमा बडदै गरेको कुनै व्यक्ति एल्डर हुने चाहन गर्छ भने, त्यो परमप्रभुले उसको हृदयमा हालिदिनु भएको हो ।
- यसकारण एल्डरहरू सम्बन्धी पावलले देखाउनु भएको पहिलो योग्यता चाहिँ पदको चाहना गर्नु पर्छ।
- पावल यो पनि लेख्नुहुन्छ कि यो पदको चाहना गर्नेले असल कामको इच्छा गरेको छ ।
- यदि कुनै व्यक्तिलाई एउटा देशको राष्ट्रपति वा राजा बनाउनु पर्ने भए सबैले त्यस कामलाई असल काम भनी ठान्थे ।
- तर येशू ख्रीष्टको मण्डलीको जिम्मावाल हुनु विशेषाधिकार सोच्नुहोस ।
- यस संसारमा परमेश्वरको लागि मण्डली भन्दा अरू कुनै पनि कुरो महत्त्वापूर्णको छैन, किनभने उहाँले आफ्नै पुत्र मण्डलीको लागि मर्न पठाउनु भयो ।
- जसलाई जिम्मावालहरू नियुक्त गरिएको छ, उनीहरूलाई परमेश्वरको अघि सबै भन्दा महत्वापूर्ण कुराको हेरचाहा गर्ने र ध्यान दिने विशेषाधिकार दिएको छ ।
- जसै एल्डरहरूले रोमी ६:६ मा भने अनुसार सत्यताको प्रयोग गर्छन् र आत्मामा हिंड्छन् , परमेश्वरले चाहेजस्तै उनीहरूलाई मण्डलीको आवश्यक्ता पुरा गर्ने प्रेमीलो र वास्तगर्ने व्यक्ति तुल्याउनुहुन्छ ।

## च. एल्डरको अन्य योग्याताहरू

*"यसकारण बिशपचाहिँ कसैले दोष लगाउन नसक्ने, एउटै पत्नीका पति, संयमी, समझदार, सम्मानित, अतिथिसत्कार गर्ने, सुयोग्य शिक्षक होऊन्" (१ तिमोथी ३:२)*

- सर्वप्रथम पावल भन्नुहुन्छ कि एल्डरहरू दोषरहितको हुनुपर्छ। यसको अर्थ उनीहरूले पापै गर्दैनन् भनेको होइन।
- तर यसको अर्थ यो हो कि उनीहरू पापमय श्वाभावमा अर्थात सांसारीक चालमा हिँड्दैनन् ।
- पावलको तात्पर्य यो होइन कि अगुवाहरूलाई कसैले निन्दा र दोष लाउदैन, तर जब उनीहरूलाई निन्दा र दोष लगाइन्छ उनीहरूको जीवन आचरणले दोषहरूलाई झूटो साबित गर्छ। एल्डरहरूको चाल-चलन यस्तो हुनुहुँदैन जसद्वारा दोषको आधार बन्न पुग्छ ।
- दोस्रोमा पावल भन्नु हुन्छ कि एल्डरहरूको एउटै पत्नी हुनुपर्छ, अर्थात उनकै पत्नी माथि प्रेम र चाहना हुनुपर्छ र अरू कुनै स्त्रीसँग प्रेमको नाटक गर्ने र अभिलाषित हुनुहुँदैन। एउटा एल्डर चाहिँ एक-स्त्री भएको व्यक्ति हुनुपर्छ।
- आत्मामा मानिसहरू अरू स्त्रीहरू माथि अभिलाषित हुँदैनन् र चाहन गर्दैनन् तर शरीर अनुसार चल्नेले गर्छ।
- अब पावल यो लेख्नुहन्छ कि एल्डरहरू संयमी, समझदार, सम्मानित हुनुपर्दछ।
- यसले यो संकेत गर्छ कि तिनीचाहिँ बुद्धिमान व्यक्ति हुन् जसले अरूको आवश्यक्ताहरू बुझ्छन् र जीवनलाई गम्भिर रूपमा लिन्छन् । तिनी मुर्ख र वास्त नराख्ने व्यक्ति होइनन्।
- आत्मामा एउटा एल्डरसँग ख्रीष्टको मन हुन्छ र उसले जीवनलाई परमेश्वरको दृष्टिकोणले हेर्छ तर शरीरमा उसको दृष्टीकोण श्वार्थी हुन्छ ।
- पावलले देखाएको अर्को गुण चाहिँ "सम्मान" हो । सम्मानित व्यक्तिले असल आचरण देखाँउछ, अनि होशियार

र बुद्धिमान भएर जीवन बिताँउछ ।

- जुन व्यक्ति आफ्नै भावहरू र कामहरूप्रति लापरवाही छ त्यसले हेरचाहा गरेको मानिसहरूका भावहरू र कामहरूप्रति पनि लापरवाही नै हुन्छ ।
- अर्को गुण, त्यो व्यक्ति अतिथि सत्कार गर्ने, र मानिसहरूप्रति वास्तविक ध्यान र प्रेम गर्ने व्याक्ति हुनुपर्छ। यो सत्यहो बाइबलीय अतिथि सत्कार चाहिँ केवल अर्काको उन्नतिप्रति ध्यान दिन मात्र होइन तर अरूको आवश्यक्तमा उनीहरूलाई खान, लाउन र आश्रय दिएर पर मेश्वरबाट पाएको सेवा गर्ने इच्छा हो ।
- एल्डरहरूले साँचो बाइबलिय अतिथि सत्कार आत्मामा रहेर गर्नस्कछन्, शरीरमा रहेर होइन, किनभने शरीरमा रहेर हामी स्वार्थको लागि आतिथि सत्कार गरिरहेका हुन्छौं ।
- अब पावल यो भन्नु हुन्छ कि एल्डरहरू सुयोग्य शिक्षक हुनुपर्छ । सुयोग्य शिक्षा दिनलाई सत्य जान्नु पर्छ र विश्वास गर्नुपर्छ; सत्य जान्नका निम्ति, हामी आत्मामा निर्भर हुनुपर्छ, किनकि पवित्र आत्माले नै हामीलाई सत्यता तर्फ डोऱ्याउनुहुन्छ (यूहन्न १६:१३)
- कुनै पनि मानिस आत्मा अनुसार हिंड्न र सत्यतर्फ डोरिएको छैनभने त्यो व्यक्ति असल जिम्मेवाल बन्नु सक्दैन । *"मतवाला र रिसाहा होइन तर तिनी विनम्र, झगड़ा नगर्ने, धनको लोभ नगर्ने, (१ तिमोथी ३:३)"*
- एल्डरहरूका अरु योग्यताहरू बारे पावल भन्नुहुन्छ। एउटा एल्डर मतवाला हुनुहुँदैन। मतवाला रक्सीको नियन्त्रण भित्र हुन्छ, पवित्र आत्माको होइन। (एफिसी ५:१८)
- एउटा एल्डर रिसाहा हुनुहुँदैन । रिसाहा मानिस शरीर अनुसार हिंड्छ र मण्डलीको एल्डर हुनु योग्यको हुँदैन।
- एउटा एल्डर धनको लोभी हुनुहुँदैन (१ तिमोथी ६:९,१०)। पावलले एल्डरहरू गरीब हुनुपर्छ भनेका होइनन्

एल्डरहरू धनी हुनसक्छन् । रुपियाँपैसा खराब होइन, तर रुपियाँ पैसाको मोह चाहिं खराब हो । (१ तिमोथी ६:१०).

- तर त्यो व्यक्ति एल्डरका निम्ति योग्यको हुन्छ जो आत्मामा हिंड्छ र आत्माले त्यसलाई ख्रीष्टतिर देखाँउछ र ख्रीष्टको जीवन उसमा पुनः वृद्धि हुन्छ ।
- कुनै पनि मानिसको केन्द्र रूपियाँ पैसा हुन्छ र त्यसले फाइदाकै लोभ गर्छ र त्यो ख्रीष्टमा केन्द्रित छैन भने, त्यो व्यक्ति एल्डरको निम्ति अयोग्य हुन्छ ।

*"आफ्नो घर राम्ररी चलाउन सक्ने र आफ्ना छोराछोरीहरूलाई आदरपूर्वक आज्ञापालन गर्ने बनाऊन् । यदि कुनै मानिसले आफ्ना घरकाहरूलाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र ?"(१ तिमोथी ३:४–५).*

- कुनै पनि व्यक्ति आत्मामा पाको छ वा छैन र मण्डलीको अगुवापनमा उसलाई उत्सुकता छ वा छैन भन्ने कुरो उसको परिवारले देखाँउछ।
- एक परिवारलाई ध्यान दिएर हेर्दा धेरै जसो त्यो घरमा ख्रीष्टिया व्यवहार कहाँ सम्म रहेछ भनी थाहा पाउन सकिन्छ ।
- यदि कुनै मानिसको घर लथालिङ्ग छ भने, त्यसले मण्डलीलाई सुचारू रूपमा चलाउल भने उपेक्षा हामी गर्न सक्दैनौं।



*"तिनी नयाँ विश्वासी नहोऊन् , नत्रता घमण्डले फुलेर तिनी दियाबलसले पाउने दण्डमा पर्नेछन् ।" (१ तिमोथी ३:६).*

- एउटा नया विश्वासीलाई ख्रीष्टियन जीवन बारे बुझ्न समय लाग्छ। उसले अरूलाई आत्मिक जीवनमा डोर्‍याउन सक्दैन किनभने उसले आफ्नै लागि पनि ख्रीष्टियन जीवन बारे बुझेकै हुंदैन ।
- एउटा नया विश्वासीलाई एल्डर बनाउद घमण्डले फुल्न सक्छ र आफैलाई धेरै उच्च सोचनसक्छ।

• या रोमाञ्चक भाव (Quote)विचारणीय छ :

*"परमेश्वरले सबैकुरो सून्यबाट सृष्टि गर्नु भयो, र सबैकुरो जो परमेश्वर प्रयोग गर्नुहुन्छ, उहाँले त्यसलाई सुन्यतामा नै ल्याउनु हुन्छ......., कुनै पनि गहिराईमा किन नहोस सबै आत्मिकी लेखहरूले शरीर वा घमण्डलाई तोड्ने आवश्यक्ता उल्लेख गरेका छन.... । हाम्रो स्वार्थ–जीवन मर्नै पर्छ, अनि क्रूस नै त्यसको बाटो हो......तर, विश्वासैले पनि, मेरै आफ्नो तरिकाहरूमा, क्रूसको सत्यताको म प्रयोग गर्न सक्दिन, तर मेरो आफ्नै काल्भरी (Calvary)सन्चालन गरिरहेको हुन्छु। आफ्नो स्वार्थका लागि म अतिनै गरीब, कष्टित , शहीद सन्त हुँ भनी घमण्डसाथ देखाउन, ध्यान आकर्शित गर्न र स्वीकृती पाउन म आफैले रचेको क्रूसमा टाँगिरहेको हुन्छु .....। त्यसतो झूटो नम्रता खीष्टियन समाजको लागि कलङ्क हो र धेरै अगुवाहरूको चिनारी बनेको छ ।*

*थोमस मेर्टन लेख्नुहुन्छ ;*

*"धेरैको विश्वास यो छ कि उनीहरूको गर्व चाहिं पवित्र आत्मा हो, र यो रोग त्यस समय सबै भन्दा भयानक साबित हुन्छ जब नम्रता जस्तै देखापर्दै सफलता पाँउछ ......... । जब एक अभिमानीले म नम्र छु भनी ठान्छ त्यसको अवस्था आशा रहितको हुन्छ । हाम्रो अघि गएका धेरैले हामीलाई अर्ती दिएजस्तै, हाम्रो कर्तव्य घमण्डी, हट्ठी, स्वार्थी भएर क्रूसको बिरोध लड्ने होइन तर विश्वाससाथ समर्पण गर्नु हो ।"*

*"फेरि, बाहिरकाहरूका दृष्टिमा पनि तिनी असल ठहरिनु पर्छ, नत्रता तिनी निन्दा र दियाबलसको पासोमा पर्नेछन् । " (१ तिमोथी ३: ७).*



- पावलले अब अविश्वासीहरूका दृष्टिमा असल प्रतिष्ठा भएको एल्डरमा केन्द्रीत गर्नुहुन्छ ।
- त्यो व्यक्ति जसले म खीष्टसँग टाँङ्गिएको छु भनी जान्दछ र आत्मा अनुसार हिंड्छ

उसले आत्मिक फल फलाँउछ चाहे त्यो मण्डलीका विश्वासीहरू माझ होस, वा अविश्वासीहरूका बिच ।

- यदि एक व्यक्ति आत्मा अनुसार जिउछभने उसमाथि अविश्वासीहरूले कानूनी दोष लगाउन सक्दैनन् ।

*"यो भनाइ विश्वासयोग्य छ, यदि कुनै मानिसले बिशपको काम गर्ने चाहना गर्छ भने त्यसले असलै कामको इच्छागर्छ । यसकारण बिशपचाँहि कसैले दोष लगाउन नसक्ने, एउटै पत्नीका पति, संयमी, समझदार, सम्मानित, अतिथिसत्कार गर्ने, सुयोग्य शिक्षक होऊन्, मतवाला र रिसाहा होइन तर तिनी विनम्र, झगडा नगर्ने, धनको लोभ नगर्ने, आफ्नो घर राम्ररी चलाउन सक्ने र आफ्ना छोराछोरीहरूलाई आदरपूर्वक आज्ञापालन गर्ने बनाऊन्। यदि कुनै मानिसले आफ्ना घरकाहरूलाई तह लगाउन जान्दैन भने, तिनले परमेश्वरका मण्डलीको देखरेख कसरी गर्न सक्छ र? तिनी नयाँ विश्वासी नहोऊन्, नत्रता घमण्डले फुलेर तिनी दियाबलसले पाउने दण्डमा पर्नेछन् । फेरि, बाहिरकाहरूका दृष्टिमा पनि तिनी असल ठहरिनुपर्छ, नत्रता तिनी निन्दा र दियाबलसको पासोमा पर्नेछन् । "*
*(१ तिमोथी ३ः १–७).*

## छ. आत्मामा मात्र

- एल्डरहरूका योग्यताहरू आत्माको शक्ति र इच्छामा मात्र पालनगर्न सकिन्छ ।
- आत्मामा हाम्रो जीवन यस्तो देखापर्छ, तर शरीरमा होइन ।

*"तर म भन्दछु , पवित्र आत्माद्वारा हिँड़, र शरीरको अभिलाषा पूरा गर्ने छैनौ । " (गलाती ५ः१६)*

- आफ्ना छोरा–छोरीहरू आत्मामा हिंडुन् भन्ने परमेश्वरको इच्छा हो । यो अतिनै महत्त्वपूर्ण छ कि मण्डलीको एल्डर चुनिएकाहरू सत्यतामा जिँउने व्यक्तिहरू हुनुपर्छ जस्तो रोमी ६ः६ मा पाइन्छ कि "पूरानो मनुषत्त्व टाङ्गिएको छ" र पवित्र आत्माले ती व्यक्ति भित्र ख्रीष्टको जीवन पुनरूत्पादन गर्नुहुन्छ (२ कोरिन्थी ३ः १८)

## क. परिचय

- अगिल्लो पाठमा एल्डरहरूका योग्यताहरू विषय हाम्रो अध्ययन भयो । अब ८ पद देखि उसो, मण्डलीमा डिकन्‌हरूका योग्यताहरू विषय पावल लेख्नुहुन्छ।
- पावलले तिमोथीलाई लेख्नुभएको कुरो हेर्न अघि, डिकनहरू विषय अध्ययन गरिसकेको कुरो स्मरण गरौं :

*"ती दिनमा जब चेलाहरूको सङ्ख्या बढ्दैगएको थियो, तब हिब्रूहरूका विरुद्धमा ग्रीक–यहूदीहरूले गनगन गरे, किनभने दैनिक खाद्य वितरणमा तिनीहरूका विधवाहरूले चाहिंदो भोजन पाउँदैनथिए। तब बाह्रैले चेलाहरूको समूहलाई बोलाएर भने, "परमेश्वरको वचन प्रचार गर्न छोडेर खुवाउने–पियाउने सेवा गर्न हामीलाई उचित हुँदैन। यसकारण भाइ हो, तिमीहरूबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं। तर हामीचाहिँ प्रार्थना र वचनको सेवकाइमा सम्पूर्ण समय दिनेछौं।" यो कुरा समूहका सबैलाई मन पऱ्यो र भेला भएका जम्मैलाई असल लाग्यो, र तिनीहरूले पवित्र आत्मा र विश्वासले भरिपूर्ण भएका स्तिफनस, फिलिप, प्रखरस, निकनोर, तीमोन, पर्मिनास र एन्टिओखियाका यहूदी मत मान्ने निकोलाउसलाई छाने। तिनीहरूले यी मानिसहरूलाई प्रेरितहरूका सामुन्ने ल्याए र प्रेरितहरूले प्रार्थना गरे र यिनीहरूमाथि आफ्ना हात राखे।" प्रेरित ६:१–६.*

- सुरुआतको मण्डलीमा कसै कसै विध्वाहरूका जीवनमा आर्थिक आवश्यक्ता पऱ्यो ।



- प्रेरितहरूलाई वचनको शिक्षा संलग्न राख्न र मण्डलीको आत्मिकी अवस्थामा केन्द्रीत रहिरन परेकोले, विधवाहरू साथै मण्डलीको आर्थिक आवश्यक्तहरूको जिम्मा लिनुसक्ने केही व्यक्तिहरू निर्माण गर्न आवश्यक पऱ्यो ।
- कुनै–कुनै चुनिएका व्यक्तिहरू शिक्षक थिएँ, तर उनीहरूको मुख्य जिम्मेवार चाहिँ आर्थिक आवश्यक्ताहरूमा ध्यान दिनु थियो ।

  *"स्तिफनसले अनुग्रह र शक्तिले पूर्ण भएर मानिसहरूका बीचमा ठूला–ठूला अचम्मका काम र चिन्हहरू गरे। तर कोही–कोही चाहिँ जो स्वतन्त्र–दलका सभाघरकाहरू (यसको नाम यही थियो), र कुरेनी, अलेक्जेन्ड्रिया, किलिकिया र एशियाका मानिसहरू थिए, तिनीहरूले खड़ाभई स्तिफनससँग वाद–विवाद गर्न लागे। तिनी जुन बुद्धिले र आत्माद्वारा बोल्थे, तिनीहरूले त्यसको सामना गर्न सकेनन्।"*

  *प्रेरित ६:८–१०.*
- हिब्रू १३:१७ मा अगुवाहरूलाई यो भनिएको पाइन्छ कि मण्डलीमा भएका *"प्राणको हेरचाहा गर ।"'*
- डिकनहरू ती हुन् जसको जिमेवार मानिसहरूको हेरचाहा गर्नु र आर्थिक आवाश्यक्ता अनुसार ती पूरा गर्नु हो ।
- यसको अर्थ सबै काम चाहिँ डिकनले गर्नु पर्छ भन्ने होइन तर मण्डली आत्मिकी शरीर भएकोले, जसरी हाम्रो शरीर मिलेर कार्यरत हुँदछ त्यसरी नै यो आत्मिक शरीर (मण्डली) पनि मिलेर काम गर्नुपर्छ ।
- के हाम्रा हाथले कसैको आवाश्यक्तहरू देख्छ र ? देखदैनन् । तर हाम्रा आँखाले देख्छन् र हाम्रा हाथले चाहिँ केही गर्न सक्छ।
- डिकनहरू कार्यरत हुने तरिका यही हो । उनीहरूले विश्वासीहरूका आवश्यक्ता देख्दछन् अनि सम्पूर्ण अङ्गहरूद्वारा सामाधान निकाल्दछन् ।

## ख. डिकनहरूका योग्यता

- *"यसकारण भाइ हो, तिमीहरूबाट पवित्र आत्मा र बुद्धिले भरिएका र सबैको आदर पाएका सात जना मानिस छान जसलाई हामी यस काममा नियुक्त गरौं।" प्रेरित ६:३*

  डिकनको मूख्य जिमेवार आत्मिकी छेत्र भन्दा आर्थिक छेत्रमा हुंदा–हुंदै पनि , प्रेरितहरूले येरूशलेमको मण्डलीलाई आत्मामा हिंड्ने मानिसहरू चुन्नु भनी बताए।
- किनभने आत्मामा हाम्रो घ्यान परमेश्वरमा हुन्छ, र परमेश्वरको दृष्टिबाट आवश्यक्तालाई हेर्छौं त्यसर्थ अरूप्रति हाम्रो वास्ता र फिक्री वास्तविक हुन्छ ।
- तर शारीरिक ख्रीष्टियन आफ्नै लागि मात्र सोच्ने र फिक्री गर्नेगर्छ । उसमा प्रेम र दया पाइँदैन जो सेवकमा हुनुपर्छ । *"त्यसै गरी डिकनहरू पनि गम्भीर हुनुपर्छ, दुई–जिब्रे होइन, बढी मद्य पिउने र धनको लोभी होइन, तर तिनीहरू विश्वासको रहस्य शुद्ध विवेकमा कायम राख्ने हुनुपर्छ। पहिले तिनीहरूको जाँच पनि होस्। त्यसपछि तिनीहरूले आफैलाई दोषरहित प्रमाणित गर्न सके भने तिनीहरूले डिकनको सेवा गरून्। स्त्रीहरू पनि यहीबमोजिम गम्भीर, अर्काको बदख्वाइँ नगर्ने, तर सबै कुरामा संयमी र विश्वासयोग्य हुनुपर्छ। डिकन एउटै पत्नीका पति होऊन्। आफ्ना छोराछोरीहरू र आफ्नो घरको प्रबन्ध राम्ररी मिलाउन सक्ने होऊन्। किनकि डिकनले गर्नुपर्ने सेवा जसले राम्ररी गर्छन् तिनीहरूले आ–आफ्ना निम्ति प्रतिष्ठा र ख्रीष्ट येशूमा भएको विश्वासमा पनि ठूलो भरोसा पाउनेछन्।"*
  *१तिमोथी ३ : ८ – १३*
- जसै हामी मण्डलीमा डिकनहरूका नियुक्ति विषय हेर्छौं , सबैभन्दा पहिलो गुण अथवा योग्यता चाहिं "गम्भीर" हुनु हो । यो शब्द "गम्भीर" यसरी अनुवाद गर्न् सकिन्छ, '*इमानदार अथवा असल गुण र सत्य*' ।

- डिकनहरूलाई अरूको आवश्यक्तामा अति चिन्ता हुन्छ यसैले ती आवश्यक्ताहरू पुरो गर्नका निम्ति उनीहरूले प्रभुलाई हेर्दछन् ।
- मण्डली उनीहरू माथि भरपर्न सक्छ किनभने उनीहरू सत्यतामा चल्ने व्यक्तिहरू हुन् र उनीहरूले सेवाकाइलाई गम्भीरतापूर्वक लिन्छन् ।
- डिकनको अर्को योग्यता चाहिं " उ दुई-जिब्रे हुनुहुँदैन"।
- डिकनहरू चाहिं सत्य बोल्ने र " न बद्लिने " [not given to change - KJV, NASB, NKJV] (हितोपदेश २४ : २१), वा दोहोरो मन नभएको हुनु पर्छ (याकूब १ : ८)
- मानिसबाट प्रशंसा पाउने हेतुले हामी शरीर अनुसार बोल्ने गर्छौं । यसो गर्नाले हामी दोहोरो मनका हुन्छौं र बिस्तारै दुई-जिब्रे हुन्छौं।
- मानिसहरूलाई सुन्न मन परेको कुरो मात्र बोल्छौं ।
- यस्तो व्यक्तिले मण्डलीमा फुट ल्याँउछ यसैले त्यो डिकन हुन योग्यको छैन ।
- त्यस पछि, पावल भन्नुहुन्छ कि डिकनहरू "बढ्ता रक्सी खाने" वा "पैसाको–लोभी" (BSI) हुनुहुँदैन। यो दुईवटै नकारात्मक गूणहरू आपसमा मिल्छन्। डिकन रक्सी वा पैसाको–लोभी हुनुहुँदैन।
- अब पावल लेख्नुहुन्छ कि डिकनहरू ती व्यक्तिहरू हुनुपर्छ जसले "विश्वासको रहस्य शुद्ध विवेकमा थामिराखेका छन्।
- डिकन ती व्यक्तिहरू हुनुपर्छ जो सत्यतामा आत्माले डोर्‍याएको छ र त्यही सत्यतामा विश्वासद्वारा हिंड्दछ।
- १० पदमा पावलको कुरोमा ध्यान दिनुहोस् : *"यिनीहरू निष्कलङ्क छन् भने, डिकनका काम गरून्।"*
- पावलले यो स्पष्ट गरिदिनु भएको छ कि जसलाई हामी डिकन नियुक्त गर्छौं ती व्यक्तिहरू अघिबाटै त्यो योग्यतामा चलेको हुनुपर्छ।
- आत्मा अनुसार हिंड्ेको कारण, यिनीहरू अरूको आवश्यक्ताप्रति

ध्यान दिने र पूरो गर्नको निम्ति कार्यरत हुने व्यक्तिहरू हुनुपर्छ। *"स्त्रीहरू पनि यही प्रकारको गम्भीर, अर्कालाई दोष नलाउने, परहेजी र सबै कुरामा विश्वासी हुनुपर्दछ।"*

*१तिमोथी ३ : ११* (B S I)

- यो चाख्लाग्दो कुरो छ कि अब पावलले डिकनहरूका पत्नीहरूका योग्यता विषय सम्बोधन् गर्नुहुन्छ।
- उनले स्पष्टगरी दिनुहुन्छ कि यी स्त्रीहरू मण्डलीको आवश्यक्ताहरूमा अति नै ध्यान दिने हुनुपर्छ र उनीहरू निन्दा गर्ने स्त्री हुनुहुँदैन।
- उनीहरू पनि सबै कुरामा गम्भीर र विश्वासयोग्य हुनुपर्छ।
- आत्मिक र विश्वासयोग्य स्त्रीहरूलाई सुम्पेको कामलाई पुरा गर्छन् भनी हामी भरोसा गर्न सक्छौं।

कृपया यस शब्द–समूहलाई बिचार गर्नु होस् : *"सेवाकाइका दम्पती"*– **"ministry couples"**.उत्पती २ अध्यायमा, जब परमेश्वरले पहिलो विवाह रचनु भयो, उहाँले "ती दुई एउटै शरीर हुने छन्" भन्नु भयो। एउटा डिकन र उसको पत्नी "सेवाकाइका दम्पती" हुन् र सेवाकाइमा सँग–सँगै हुन्छन् किनकि उनीहरू अब दुई होइनन्, तर एउटै हुन्। यो स्वभाविक हो, कि जुन प्रकारको सेवाकाइमा ती डिकन लागेका छन्, उनको पत्नी पनि त्यस सेवाकाइमै लागेकी हुन्छिन्। यसैकारण, पावलले डिकनको स्त्रीको योग्यता प्रष्टै पारिदिनुहुन्छ। तिनी इमान्दार, निन्दा नगर्ने, तर आत्मिक र विश्वासयोग्य स्त्री हुनुपर्छ।

- १२ पदमा पावल फेरि डिकनहरूका योग्यता को विषय दोहोऱ्याउनु हुन्छ। एल्डरहरूका जस्तै, डिकनहरू पनि एउटै पत्नीका पति हुनुपर्छ, अर्थात् उनीहरू "एक स्त्रीवादी व्यक्तिहरू हुन्" र अरू स्त्रीहरूप्रति अभिलाषित बिचारहरूले आकर्षित नहोउन्।



- पावल यो पनि भन्नु हुन्छ कि उनीहरू आफ्नो घरको प्रबन्ध राम्ररी मिलाउन सक्ने हुनुपर्छ; आफ्नो परिवारलाई आत्मिक परिपक्वतामा अगुवाइ गर्न र पोषण गर्नसक्ने।

*"किनकि डिकनले गर्नुपर्ने सेवा जसले राम्ररी गर्छन् तिनीहरूले आ–आफ्ना निम्ति प्रतिष्ठा र ख्रीष्ट येशूमा भएको विश्वासमा पनि ठूलो भरोसा पाउनेछन्।"*
*१ तिमोथी ३:१३.*

- यहाँ पावलले चाख्लाग्दो टिप्पनी गर्नुहुन्छ : "डिकनको सेवाकाइ राम्ररी सन्चालन गर।"
- जसरी डिकनहरू आत्मामा हिँडेर ख्रीष्टको जीवन जिउँछन्, परमेश्वरले आफ्नो इच्छा अनुसार उनीहरूलाई अरूको जीवनमा प्रयोग गर्नुहुन्छ र तिनीहरूले सेवा गरेकाहरूबाट धेरै मान–इज्जत पाउनेछन्। डिकनले गर्नुपर्ने सेवा राम्ररी गर्छभने विश्वासी र अविश्वासीहरूका आर्थिक आवश्यक्ताहरू पुरो गर्न परमेश्वरबाट भण्डारहरू धेरै पाउने छन्। यी सेवाका माध्यमद्वारा ख्रीष्टयन जीवनबारे निर्धक्क सुनाउने अवसरहरू हुनजान्छ।

## ग. पवित्र आत्मा : हाम्रो समर्थक

- यी योग्यताहरू डिकनको सेवाकाइको निम्ति बिचार गरिएका व्यक्तिको जीवनमा स्पष्टै देखिनु पर्छ। ती व्यक्तिहरूका जीवनमा मात्र देखापर्छ जो ख्रीष्टसँगै टाङ्गिएको छु भन्ने सत्यतामा जिएका छन् र आत्माले प्रभाव पारेको र नियन्त्रण गरेको हुन्छ।
- प्रेरित ६:३ पदमा प्रेरितहरूले मण्डलीलाई पवित्र आत्माले भरिएका व्यक्तिहरू खोज्नु भनेको कारण यही हो।

## घ. मण्डली : संसारमा सत्यताको रक्षक्

*"तिमीकहाँ चाँडै आउने आशा राखेको छु , तर म यो तिमीलाई लेख्तछु, ताकि कतै म ढिलाँए भने पनि परमेश्वर को घराना, जो जीवित परमेश्वरको मण्डली हो र सत्यको खामो र आड़ हो, त्यहाँ कसरी चल्नुपर्छ सो तिमीले जानिराख।" १ तिमोथी ३:१४,१५.*

- यी पदहरूमा, पावलले तिमोथीलाई किन लेख्नु पऱ्यो सो जानकारी दिनुहुन्छ।
- पावल यो स्पष्ट गरिदिनुहुन्छ कि मण्डलीले कसरी चल्नुपर्छ सो जानोस् भनेर नै हो।
- मण्डली परमेश्वरको हो (मत्ती १६:१८), र हराँउदै र विनास हुँदै गरेको संसारमा आफुलाई प्रकाशमा ल्याउनका निम्ति मण्डलीलाई प्रयोग गर्नु उनको इच्छा हो। मण्डली नुन र ज्योति हुनुपरेको छ। मण्डली त्यो उपाय हो जसद्वारा संसारले अदृश्य परमेश्वरलाई देख्न सक्छ।
- पावलले यो पनि भन्नुहुन्छ कि मण्डली "सत्यको खामो र आड़ हो"।
- यसको अर्थ मण्डली त्यो उपाय हो जसद्वारा परमेश्वरले यो सत्य सारा संसारले जानोस् र विश्वास गरोस् भनी प्रकट गर्नुहुन्छ।
- मण्डली (परमेश्वरले बोलाइएकाहरू) "खामो र जग हो"; संसारमा "सत्यको" समर्थक ।
- यो याद गर्नुहोला कि मण्डली यो सत्यको स्रोत चाहिँ होइन; तर, सत्यको परिरक्षक र गवाही हो ।

*"पवित्र आत्मा प्रष्टै भन्नुहुन्छ, कि पछि आउने समयमा छली आत्मा र भूतप्रेतका सिद्धान्ततिर मन लाएर कोही विश्वासबाट तर्किजानेछन्। झूट बोल्ने मानिसहरूका छलद्वारा नै यो हुनेछ, जुनहरूका विवेक तातो फलामले डामेको जस्तो हुन्छ। तिनीहरू विवाह निषेध गर्छन् । विश्वास गर्नेहरू र सत्य जान्नेहरूले धन्यवादसाथ ग्रहण गर्नुपर्ने परमेश्वरले सृजनुभएका भोजनहरूबाट अलग्ग बस्ने आदेश दिन्छन् । परमेश्वरले सृजनुभएको हरेक कुरा असल छ, र धन्यवादसाथ ग्रहण गरे कुनै थोक पनि इन्कार गरिनुपर्दैन।" १ तिमोथी ४ः १–४.*

## क. विश्वासबाट पतन

- यहाँ पावलले तिमोथीलाई चेताउनी दिनुहुन्छ कि, कोही विश्वासीहरू विश्वासबाट (सत्यबाट) तर्किजानेछन् , र झूटको पछि लाग्नेछन् ।
- ध्यान दिनुहोस् , पावल भन्नुहुन्छ, तिनीहरूले लिएको सिक्षा सत्यताबाट नभएर, दुष्ट आत्माबाटको हो।
- जब मानिसहरू शरीर अनुसार हिंड्छन् , उनीहरू शैतान र उसको सहकर्मीको छलबाट असुरक्षित हुन्छन् ।
- २ पदमा हामी पढ्छौं कि उनीहरू पाखन्डता साथ झूट् बोल्छन, र उनीहरूको "विवेक डामिएको छ"। एफिसी ४:१७–१८ मा हामी पड्दछौं कि जो शरीर अनुसार हिंड्छ, सत्यलाई छुट्याउने योग्यता हराँउछ; उनीहरूको समजशक्ति अन्धकार भएको छ।
- तिनीहरू सत्यलाई छुटयाउन असमर्थ भएकोले झूटो सिद्धान्तको पछि लागेर यिनीहरू सजिलै छलिन्छन् र विश्वासबाट तर्किजान्छन ।

- ३ पदमा पावल मानिसहरूलाई भड़काउने झूटो शिक्षाको केही उदाहरणहरू दिनुहुन्छ ।
- ध्यान दिनुहोस् , यहाँ भनिएका सबै नै कर्ममा आधारित छन् र व्यवस्था अनुसार जिउने विषय मात्र हुन् ।
- कुनैपनि समय मानिस शरीर अनुसार हिंड्छ भने, अनुग्रह र सत्यबाट उसको दृश्य हराँउछ र उ व्यवस्थामा फर्किन्छ ।
- यस किसिमको शिक्षा आत्मिक जस्तो देखिन्छ, तर १ पदमा पावलले स्पष्ट गरिदिनुभएको छ कि यो चाहिँ दुष्टबाट नै हो ।
- यसले मानिसहरूलाई क्रूसमा सिध्यएको कार्यमा भर पर्न दिदैन, तर आफ्नै कर्ममा भर पर्न लाँउछ ।
  उनीहरूको शरीर क्रूसमा टाङ्गिएको छ भनी यसले शिक्षा दिदैन नत आत्मिकी परिपक्वता तर्फ नै डोऱ्याँउछ, तर यसले शारीरिक कुरोलाई कोशिशले सुधार्नु र असल बनाउनु भनी सिकाँउछ ।
- यसैकारण पावल लेख्नु हुन्छ कि यी व्यक्तिहरू पाखन्डीहरू हुन् । पवित्र र धर्मी जीवन जिउने आवश्यक्ता देखांउछन् , तर उनीहरूले त्यसको लागि आफैले कोशिश गर्नुपर्छ भनी शिक्षा दिन्छन् ।
- यो झूटो र पाखन्डता हो कारण कसैले यो गर्न सक्दैन ।
- हामी आत्मामा हिंडेको परमेश्वर चाहानुहुन्छ, र जसै हामी यो गर्छौं, हामी धार्मिक जीवन जिउन सक्छौं । पवित्र आत्माले केवल धामिर्क जीवन उत्पन्न गर्नुहुन्छ ।
- तर शरीर अनुसार चल्ने मानिसले "आत्मामा हिंड्नु भन्ने कुरो" छोड़िदिन्छ र शारीरिक चालमा नै धार्मिक बन्न कोशिश गर्छ, र आत्मिकी छु भन्ने बिचारमा आफै छलिएको हुन्छ ।

## ख. हामी व्यवस्थाको अधिन्मा छैनौ

*"परमेश्वरले सृजनुभएको हरेक कुरा असल छ, र धन्यवादसाथ ग्रहण गरे कुनै थोक पनि इन्कार गरिनुपर्दैन।*

*किनभने त्यो परमेश्वरको वचन र प्रार्थनाले चोखो तुल्याइन्छ।" (१ तिमोथी ४:४–५)*

- झूटो शिक्षकहरूको विरोधमा पावल स्पष्ट गर्नुहुन्छ कि उत्पत्ति १ मा परमेश्वरले भनेजस्तै परमेश्वरले सृजनुभएको हरेक कुरा असल छ ।
- प्रेरित १०:९–१६ मा योप्पामा पत्रुसले देखेको दर्शन बारे भनिएको छ । भोजन तयार भएको पर्खिंदै गर्दा तिनी ध्यान–मग्न भए । सपनामा परमेश्वरले पत्रुसलाई यहुदीहरूले अपवित्र मानेका खानेकुरोहरू खाउ भनी निर्देशन गर्नु भयो । (लेवी ११). ध्यान–मग्न भएकै बेला त्यो आवाजले यसो भन्यो, "परमेश्वरले जे शुद्ध गर्नुभएको छ त्यसलाई तिमी अपवित्र नठान ।"
- *एफिससमा झूटो शिक्षकहरू विवाहहरूमा हस्तक्षेपगर्न र आहारमा प्रतिबन्ध लगाउनमा प्रसिद्ध थिए। पावलले उनीहरूलाई परमेश्वर तर्फको भलाईले जवाफ फर्काउनु भयो ।*
- उनको उत्तर सारांशमा यसरी भन्न सकिन्छ, "झूटो शिक्षकहरूले विवाह र आहार खराब हुन् भनी भन्छन् , तर परमेश्वर भन्नुहुन्छ कि ती दुवै लाभदायक छन् । हामी कसलाई विश्वास गरौं ?"
- ५ पदमा पावल भन्नुहुन्छ, "त्यो परमेश्वरको वचन र प्रार्थनाले चोखो तुल्याइएको छ ।" अर्थात्, परमेश्वरले असल ठहराउनुभएको कुरोमा प्रार्थनाद्वारा सहमत हुँदै हाम्रो जीवनमा परमेश्वरको योजन पूरोहुन, हामी त्यसलाई चोखो तुल्याँउछौं अर्थात् अलग गर्छौं ।

## ग. हाम्रो विश्वासको प्रयोग

*"यदि तिमीले भाइहरूका सामु यी शिक्षा राखिदियौ भने तिमीले अनुसरण गरेका असल सिद्धान्त र विश्वासको वचनमा पुष्ट भएर तिमी ख्रीष्ट येशूका असल सेवक हुनेछौ ।*

*भक्तिहीन र अर्थहीन कथाहरूदेखि एकदमै अलग बस । बरु आफैलाई भक्तिमा तालीम देऊ । किनभने शारीरिक तालिम केहीसम्म लाभको हुन्छ, तर ईश्वरभक्तिचाहिँ हरप्रकारले लाभदायक हुन्छ, किनकि यसमा र्वतमान र भविष्यत् जीवन दुवैको निम्ति प्रतिज्ञा रहेको हुन्छ। यो भनाई निश्चित र सम्पूर्ण रूपले ग्रहणयोग्य छ, किनकि यस उद्देश्यले हामी परिश्रम र प्रयत्न गर्दछौं, किनकि हाम्रो आशा जीवित परमेश्वरमा राखिएको छ, जो सबै मानिसका, विशेष गरी उहाँमाथि विश्वास गर्नेहरूका मुक्तिदाता हुनुहुन्छ ।"*

*(१ तिमोथी ४: ६–१०).*

- यहाँ फेरि पावलले तिमोथीलाई सत्य थामिराखनको महत्व बताउनु हुन्छ ।
- पावल भन्नु हुन्छ कि जो आत्माद्वारा सत्यतामा हिंड्दैछन् र अरूलाई सत्यतामा डोऱ्याँउदैछन् तिनीहरू ख्रीष्टका असल सेवकहरू हुन् ।
- पावल यो पनि भन्नुहुन्छ, "भक्तिहीन र अर्थहीन कथाहरूलाई" इन्कार गर किनकि ती कुराहरू सत्य तर्फका होइनन्, बरु आफ्ना हृदयलाई परमेश्वरपट्टि लगाओ ।"
- धार्मिक्ता/ईश्वरभक्त भनेको मानिसले परमेश्वरको नकल गर्नु भनेको होइन, तर परमेश्वरले आफैलाई मानिसमा पुनर्निमाण गरेको हो ।
- परमेश्वर–जस्तै वा ख्रीष्ट–जस्तै बनाउने कार्य पवित्र आत्माको हो (२ कोरिन्थी ३:१८)। हामीमा र हामीद्वारा ख्रीष्टको जीवन झल्काउने त पवित्र आत्मा नै हुनुहुन्छ।
- तर, ख्रीष्टजस्तै बन्नु चाड़ै र सजिलै हुने प्रक्रिया होइन।
- हाम्रो आफ्नै दुर्बलता र ख्रीष्टको प्रसश्तता देखाँउनका लागि आत्माले हाम्रो विश्वासलाई धेरै समय "तालिम" दिनुहुन्छ।
- असफलता, दूखः–कष्ट, र समस्याहरूद्वारा उहाँले (पवित्र आत्माले) तालिम दिनुहुन्छ। यस्ता परिस्थितीद्वारा नै हाम्रो

दुर्बलतालाई देख्न थाल्छौं ।

- जसै हामी आफ्नो दुर्बलतालाई देख्न थालछौं आफै माथि निर्भर हुँदैनौं। तर जो प्रसश्त हुनुहुन्छ र जसले हामीलाई धार्मिक्ताको जीवन जिउन सकुँ भनी सम्पूर्ण कुरा गरिदिइसक्नु भएको छ उहाँमाथि निर्भर हुदछौं।
- यसैकारण, पावलले भन्नुभएको तालीम चाहिँ हाम्रो "व्यवहारहरू" र कर्महरूलाई असल र बलियो पार्न होइन तर हाम्रो सट्टामा ख्रीष्टले गरिदिनु भएको सम्पूर्ण कार्यमाथि भरपर्ने र प्रयोग गर्ने अवस्थामा ल्याउनका निम्ति हाम्रो विश्वासको तालिम हो ।
- पावल भन्नुहुन्छ कि शारीरिक तालिम केहीसम्म लाभको हुन्छ ।
- हाम्रो निम्ति असल हुने आहारहरू मात्र खाएर र शारीरिक व्यायाम (Exercise) सधैं गरेर हाम्रो शरीर स्वासथ रहनमा सहायता गर्ला तर के त्यसले हामीलाई ईश्वरभक्ति (धर्मी) बनाउला र?
- पावल भन्नुहुन्छ कि ईश्वरभक्ति चाहिँ हरप्रकारले लाभदायक हुन्छ ।
- यस्ता मानिसहरू धेरै छन् जसका ध्यान शरीरपट्टि छ। यसमा हाम्रो शरीरको निम्ति केही लाभदायक कुराहरू हुँदा–हुँदै पनि, हाम्रो सबैभन्दा ठूलो आवश्यक्ता अर्थात "धार्मिक्ताको" निम्ति चाहिँ लाभदायक हुँदैन।
- ख्रीष्ट सँग–सँगै टाङ्गिएका छौं भन्ने विश्वास र पवित्र आत्मामा निर्भरताले मात्र हामी साँचो "ईश्वरत्व" अनुभव गर्न सक्नेछौं, र यो हरप्रकारले लाभदायक हुन्छ । वर्तमान शरीरको लागि मात्र नभएर साँचों धार्मिक्तामा भविश्यको लागि पनि प्रतिज्ञाहरू छन् ।
- ९ पदमा पावल भन्नुहुन्छ कि यो भनाइ सत्य छ र सम्पूर्ण रुपले विश्वास गर्नुपर्छ ।

- १० पदमा पावल यसरी लेख्नु हुन्छ, *"किनकि यस उद्देश्यले हामी परिश्रम र प्रयत्न गर्दछौं, किनकि हाम्रो आशा जीवित परमेश्वरमा राखिएको छ ।"*
- अवश्य हाम्रो जीवित परमेश्वर हुनुहुन्छ जसले हाम्रो विश्वासलाई तालीम दिदैं हाम्रो जीवनमा विश्वासयोग्यता साथ काम गरिरहनु भएको छ ताकि हामीले धार्मिक्ता अनुभव गर्नसकौं।

## घ. आत्मामा हिडदैजाओ

*"यी नै कुराको आज्ञा देऊ र सिकाऊ । जवान छौ भन्दैमा कसैले तिमीलाई तुच्छ नठानोस्, तर विश्वासीहरूका अगि बोलीवचन, आचरण र प्रेममा, विश्वासमा र शुद्धतामा तिमी एक उदाहरण बन । म नआउञ्जेलसम्म धर्मशास्त्र पाठ गरी सुनाउनमा, प्रचार गर्नमा र शिक्षा दिनमा ध्यान देऊ । तिमीसँग भएका वरदानको अवहेलना नगर, जुन वरदान एल्डरहरूले तिनीहरूका हात तिमीमाथि राख्दा अगमवाणीद्वारा तिमीलाई मिलेको थियो। यी कर्तव्यहरू पालन गर। तिनीहरूमा नै लागिबस, ताकि तिम्रो प्रगति सबैले देखून्। आफ्नो विषयमा र आफ्नो शिक्षाको विषयमा होशियार बस। यी कुरामा लागिरह। यसो गर्नाले तिमीले आफैलाई र सुन्नेहरूलाई समेत बचाउनेछौ।" (१ तिमोथी ४:११–१६).*

- यहाँ पावलले तिमोथीलाई यी सत्यताहरू अरूलाई सिकाउन र कसैले उसको जावानीलाई तुच्छ नठानुन् बरु उनी असल जीवन जिउन् भनी उत्साह दिनुहुन्छ; साथै हरेक कुरामा विश्वासीहरूका अगि बोलीवचन, आचरण र प्रेममा, विश्वासमा र शुद्धतामा एक उधाहरण बन्नु उत्साह दिनुहुन्छ ।

- पावलले तिमोथीलाई “धार्मिक्ताको” साँचो शिक्षामा सम्पूर्ण हृदयले आफैलाई सुम्पिनको निम्ति उत्साह दिनुहुन्छ ।
- आत्मा अनुसार तिमोथी शिक्षामा र ख्रीष्ट जस्तै हुनमा पूर्ण हुनेछ र यसो गर्नाले उसको जीवनमा फलेको फल सबैमा देखा पर्नेछ ।
- अन्त्यमा १६ पद अनुसार, आफ्नो विषयमा र आफ्नो शिक्षाको विषयमा सतर्क रहन पावलले तिमोथीलाई चेताउनी दिनुहुन्छ ।
- यसो गर्नाले उसको दैनिक शारीरिक शक्तिवाट बचाइनेछ र अरू मानिसले पनि यो सत्यलाई जान्नेछन् साथै यसमा हिंड़नेछन् र दिनहुं पापको शक्तिबाट बचाइने छन् ।

## क. प्रेममा उत्साह

*"वृद्ध मानिसलाई नहप्काऊ, तर तिनलाई बाबुलाई जस्तै गरी सम्झाऊ । आफूभन्दा सानाहरूसँग भाइसमान व्यवहार गर । वृद्ध स्त्रीहरूसँग आमाझैँ, र युवतीहरूसँग चाहिँ सम्पूर्ण पवित्रतासाथ बहिनीसमान व्यवहार गर।" १ तिमोथी ५ः १–२.*

- ख्रीष्टको शरीरमा (मण्डलीमा), कुनै न कुनै समयमा सबै विश्वासीहरू शरीर अनुसार हिंडेका हुन्छन् , येसैले तिनीहरूलाई हप्काऊन, सच्याउन या उत्साहको आवश्यक्ता पर्छ ।
- पावलले ती जवान तिमोथीलाई कसरी मण्डलीमा विभिन्न उमेरका मानिसहरूसँग व्यवहार गर्नुपर्छ सो सिकाउनु हुन्छ।
- वृद्ध मानिसलाई बाबुलाई जस्तै बरताव गर्नुपर्छ।
- अफूभन्दा सानाहरूलाई भाइलाई जसतै।
- वृद्ध स्त्रीहरूलाई आमालाई झैं ।
- युवतीहरूलाई चाहिँ सम्पूर्ण पवित्रतासाथ बहिनीसमान ।
- हर–एक परिस्थितिमा उनीहरूलाई प्रेमसाथ उत्साह दिनु पर्छ; प्रेम नै मुख्य उदश्य हो ।
- यो मनमा राख्नुहोस कि साँचो बाइबलीय प्रेम आत्मिकी फलहरूमध्ये एउटा हो र आत्मामा मात्र मानिसहरूलाई साँचो प्रेम गर्न सकिन्छ ।
- ध्यान दिनुहोस, पावल भन्नु हुन्छ कि युवतीहरूसँग सम्पूर्ण पवित्रतासाथ बहिनीसमान व्यवहार गर ।
- शरीर अनुसार चलेको ख्रीष्टियन अगुवा सजिलैसित एउटा युवतीमा रूची राख्न सक्छ अनि परिक्षा र पापमा पतन हुनसक्छ ।

- यसैकारण पावल भन्नु हुन्छ कि सम्पूर्ण पवित्रतासाथ व्यवहार गर्नुपर्छ । फेरि पनि आत्मामा हिंड़ने आवश्यक्ता देखिन्छ ।

## ख. एल्डरहरूलाई सम्मान गर्नु मण्डलीको जिम्मेवार हो

*"मण्डलीको असल देखरेख गर्ने एल्डरहरू दोबर आदरका योग्य हुन्छन्, विशेष गरी, जसले वचनको प्रचार र शिक्षामा परिश्रम गर्छन् । किनभने पवित्र–शास्त्र भन्छ, "दाइँ गर्ने गोरुको मुखमा मोहोलो नलगाउनु," र श्रमिकले आफ्नो कामको ज्याला पाउनुपर्छ।" दुई वा तीन साक्षीको गवाहीबाहेक एल्डरको विरुद्धमा लाएको आरोप कहिल्यै स्वीकार नगर । पापमा लागिरहनेहरूलाई सबैका सामु हप्काऊ, र यसरी अरूहरू पनि डराउनेछन् । परमेश्वर र ख्रीष्ट येशूको सामु र चुनिएका स्वर्गदूतहरूका सामु म तिमीलाई कड़ा आज्ञा दिन्छु, कुनै भेदभाव वा पक्षपात नगरी यी नियमहरू तिमीले पालन गर। कसैमाथि हात राख्ने काममा हतार नगर। आफूलाई पवित्र राख।" १ तिमोथी ५ : १७–२२.*

- ३ अध्यायमा हामीले एल्डरहरूका योग्यताको विषयमा पढ़यौं ।
- अब पावल मण्डलीलाई एल्डरहरूप्रतिको जिम्मेवार बारे लेख्नुहुन्छ।
- पावल भन्नुहुन्छ कि ती एल्डरहरू जसले "असल देखरेख" गरेका छन्, तिनीहरू "दोबर आदरका" योग्य छन्, अर्थात मण्डलीमा सेवाकाइको काममा पुरै समय बिताउने, वचन प्रचार गर्ने र शिक्षा दिने एल्डरले मण्डलीबाट आर्थिक सहायता पाउनुपर्छ।
- जसरी दाइँ गर्ने गोरूलाई खिलाँइन्छ, र श्रमिक आफ्नो कामको ज्यालाको योग्य हुन्छ, त्यसै गरी एल्डरहरूलाई सेवा गरेकाहरूद्वारा आर्थिक सहायता गरिन योग्यका ठहरिन्छन्।
- अब पावल पापमा पतन भएका एल्डरहरूका विषयलाई सम्बोधन् गर्नुहुन्छ।

- पावल यसरी लेख्नुहुन्छ कि दुई वा तीन साक्षीका गवाही छन् भने मात्र एल्डरको विरुद्धमा लाएको आरोप सुन्नु।
- जसै परमेश्वरले एल्डरहरूलाई मण्डलीमा विश्वासीहरूका सेवा गर्न प्रयोग गर्नु हुन्छ, कुनै–कुनै समय मानिसहरूका बिच कडा बोलि बोल्नु आवश्यक पर्छ । यदि कोही मानिसहरू शरीर अनुसार चलेका छन् भने, तिनीहरू क्रोधित बनेर एल्डरको विरुद्धमा आरोप लाएर बदला लिन्छन् ।
- पावल स्पष्टरुपमा भन्नुहुन्छ कि यदि एल्डर पापमा लागिरहेका छन् भने तिनलाई मण्डलीका सामु हप्काऊ, र यसरी अरूहरू पनि डराउने छन् ।
- एल्डरको चाल–चरित्र देखेर अरूले शरीर अनुसार हिंडेको परिणाम देख्ने छन् र सिक्ने छन् ।
- अब पावल भेदभाव वा पक्षपातको विषयलाई लिएर कुरो गर्नुहुन्छ ।
- शरीरमा जिउनेले आफ्नो स्वार्थको लागि कसैको पक्ष सिजिलै सित लिन्छ । यसैकारण हामी आत्मा अनुसार हिंडन महत्वपूर्ण छ किनकि त्यसमा भेदभाव वा पक्षपात हुदैन ।
- अन्त्यमा २२ पद अनुसार, पावलले तिमोथीलाई चेताउनी दिनुहुन्छ कि कसैलाई पनि एल्डरको पदमा नियुक्त गर्न नहतारिनु र यसरी अरूको पापमा सहभागी नहुनु ।
- एल्डर नियुक्त गर्दा बडो सतर्क रहेर नियुक्त गरेको छ भने एल्डरलाई अनुशासनमा ल्याउने समस्याबाट टाडा रहन सकिन्छ। मण्डलीको अगुवा हुन हरेक योग्यको वा समर्थ हुंदैनन्। तिमोथीलाई योग्यताहरू विषय निश्चित जानकारी हुन आवश्यक्ता थियो ।
- यस कुरामा ध्यान दिनुहोस् , “कुनै मानिसको पापमा सहभागी नहोऊ” । पावलले अर्ती दिइसक्नु भएको थियो कि एल्डर नयाँ विश्वासी हुनुहुंदैन (३:६), तर तिनी विश्वासमा बडेको हुनुपर्छ र अगुवाइ गर्न सक्ने योग्यताको प्रमाण दिनुपर्छ । नियुक्त गरिएको एल्डर त्यस उपाधिको

लागि अयोग्य ठहरिन्छ भने त्यसलाई नियुक्त गर्नमा सहभागी भएकाहरू पनि मण्डलीमा आएको कलङ्कको दोषी नै ठहरिन्छन् ।

## ग. तिमोथीलाई पावलको अन्तिम आदेश

*"तिमोथी, जे तिमीलाई सुम्पिएको छ, त्यो सुरक्षित राख। भक्तिहीन गनथन र खण्डनहरू, जो झूटो ज्ञान हो, तिनलाई परित्याग गर। यी कुराहरूका पछि लागेर कति जना आफ्नो विश्वासको लक्ष्यबाट चुकेर गएका छन्। तिमीसँग अनुग्रह रहोस् । आमेन् । १ तिमोथी ६ : २०–२१.*

- अन्त्यमा उसलाई दिएको शिक्षा र आदेशहरूलाई सुरक्षित राख्नु भनी पावलले तिमोथीलाई आग्रह गर्नुहुन्छ।
- जसै तिमोथी आत्मामा हिंड्नुहुन्छ, पावलका सम्पूर्ण आदेशहरू उनले पालन गर्न सक्नेछन्, र झूटो शिक्षकहरूले विश्वासीहरूलाई गलत बाटोमा डोऱ्याउन सक्ने छैनन् किनकि त्यो समुदयलाई सत्यको ज्ञान हुन्छ र त्यसै अनुसार हिंड्नेछन् ।
- मण्डलीमा अगुवाको लागि योग्य एल्डरहरू नियुक्ति हुनेछन् ।
- अरुले पछयाउनका निम्ति तिमोथीले एउटा ईश्वरीय उदाहरण बनाउने छन् ।
- जसै हामी पनि आत्मामा हिंड्छौं, परमेश्वरले हामीलाई सुम्पिनु भएको कामलाई सम्पूर्ण हृदयले पुरा गर्न सक्छौं ।
- "तिमीसँग अनुग्रह रहोस् । आमेन ।" अन्तिम आर्शिवादले मानिसको सबै भन्दा ठूलो आवश्यक्तालाई केन्द्रित गर्छ – जो परमेश्वरको अनुग्रह नै हो ।
- परमेश्वरको असिमीत अनुग्रहको अनुभव भएकोले, अरुले पनि उहाँको अनुग्रह अनुभवगरुन् भनी प्रार्थना गर्न पावल कहिले थकित हुनुभएन ।